# जातीय समानताको प्रवर्द्धनमा
# विद्यमान र योजनाबद्ध उपायहरू

## कर्मचारी पुनर्प्रशिक्षण बोर्ड

**सम्बन्धित सेवाहरू**

- कर्मचारी पुनर्प्रशिक्षण बोर्ड (ERB) ले जस्तोसुकै अनुहार र जातीय मूल भए पनि सहायक डिग्री तह वा सोभन्दा कम शैक्षिक योग्यता हासिल गरेका श्रमिकहरूको सीप, गुणस्तर, रोजगार एवं प्रतिस्पर्धा क्षमता सुधार गर्ने विभिन्न किसिमका प्रशिक्षण कोर्सहरू प्रदान गर्दछ। बेरोजगारहरूले रोजगार सुरक्षित गरून् र श्रमशक्तिलाई आफ्ना सीपहरू अपडेट र अपग्रेड गर्न मद्दत गर्ने लक्ष्यका साथ पूर्णकालीन प्लेसमेन्ट र आंशिककालिन सीप सुधार तथा साधारण सीप कोर्सहरू प्रदान गरिन्छन्।

**विद्यमान उपायहरू**

<u>विभिन्न जातीका मानिसहरूका लागि उचित पाठ्यक्रमहरू उपलब्ध गराउने</u>

- ERB ले नियुक्ति-बाँधिएका पाठ्यक्रमहरू र सीप अपग्रेडिंग कोर्सहरु र अङ्ग्रेजीमा सञ्चालन गरिएका र अल्पसङ्ख्यक जातिहरूको लागि समर्पित गरिएका सामान्य सीपहरुको कोर्सहरु प्रस्ताव गर्दछ ।

- भाषाका कोर्सहरूको व्यवहारिक प्रयोग मार्फत फरक जातीयता भएका मानिसहरूमा सञ्चार अवरोधहरू हटाउन र उनीहरूको रोजगार क्षमता वृद्धि गर्न एवं उनीहरूको प्रगतीको मार्ग निर्माण गर्न सहयोग गर्ने विचारका साथ ERB ले यसको भाषा प्रशिक्षण कोर्सलाई विस्तृत रुपमा जाँच गर्न “भाषा कोर्ष पुनरावलोकनको लागि कार्यदल” स्थापना गर्यो। ERB फरक जातीयता भएका मानिसहरूमा चीनियाँ भाषा प्रशिक्षणमा सहयोग गर्न र उनीहरूलाई सामाजिक एकता र रोजगारी प्रयोजनमा चीनियाँ भाषा दक्षता सुधार गर्ने सङ्गठित चीनियाँ भाषा प्रशिक्षण योजना काम गर्न जारी राख्नेछ।

- ERB ले युवा तालिम कार्यक्रम अन्तर्गत 15 र 24 उमेरबीचका अल्पसङ्ख्यक जातिहरूको गैर-संलग्न युवालाई लक्षित गरी समर्पित तालिम पाठ्यक्रमहरूको प्रस्ताव राख्छ ।

- ERB ले विभिन्न जातिका मानिसहरूको प्रशिक्षण र रोजगारसम्बन्धी आवश्यकताहरू पहिचान गर्न र विभिन्न जातिका मानिसहरूलाई ERB पाठ्यक्रम र सेवाहरू प्रवर्द्धन गर्नको लागि रणनीतिहरू बारे सुझाव दिन एउटा "अल्पसङ्ख्यक जातिहरूको प्रशिक्षण आवश्यकताहरूमा फोकस समुह" बनाएको छ । फोकस समूहले अल्पसङ्ख्यक जातीय समूहहरू, सामाजिक सेवा संगठनहरू, तालिम संस्थाहरू (TBs) र सम्बद्ध सरकारी संस्थाहरूलाई सम्मिलित गर्दछ । ERB ले फोकस समूहको सुझावको सन्दर्भको साथमा विभिन्न जातिका मानिसहरूको लागि नयाँ पाठ्यक्रमहरू निरन्तर विकास गर्नेछ ।

- ERB ले अल्पसङ्ख्यक जातिहरूको लागि समर्पित पाठ्यक्रमहरूमा नामांकनको लागि शैक्षिक प्राप्तिको मापदण्डमा उत्कृष्ट लचकता उपलब्ध गराएको छ ।

<u>विशेष उपाय तथा सहायता सेवाहरू</u>

- ERB ले TBs लाई विभिन्न जातिका मानिसहरूलाई सेवाहरू उपलब्ध गराउनको लागि अङ्ग्रेजी बोल्ने कर्मचारीको व्यवस्था मिलाउन अनुरोध गर्छ र TBs लाई ERB सेवाहरू उपलब्ध गराउँदा गैर-सरकारी संस्थाहरूद्वारा उपलब्ध गराइएका अनुवादन र दोभाषे सेवाहरू प्रयोग गर्न प्रोत्साहन गर्छ । आवश्यक हुँदा अङ्ग्रेजी बोल्न सक्ने शिक्षण सहायकहरूद्वारा कक्षामा दोभाषे सेवाहरू र जातिय अल्पसङ्ख्यक भाषाहरूको व्यवस्था मिलाइन्छ ।

- ERB ले अल्पसङ्ख्यक जातिहरूको लागि समर्पित प्रशिक्षण पाठ्यक्रमहरूको निमित्त कक्षाको आकारको आवश्यकतालाई लचकताको तरिकामा सम्हालिरहेको छ ।

- समर्पित नियुक्ति-बाँधिएकाको पाठ्यक्रमहरू पूरा गरेका अल्पसङ्ख्यक जातिका प्रशिक्षार्थीहरूलाई छ-महिने प्लेसमेन्ट फलो-अप सेवा प्रदान गरिन्छ भने सामान्य प्रशिक्षार्थीहरूलाई सामान्य रूपमा तीन-महिने प्लेसमेन्ट फलो-अप अवधि प्रदान गरिन्छ ।

- ERB ले गृह मामिला विभाग (Home Affairs Department (HAD) को "राजदुत योजना" अन्तर्गत सामाजिक सेवा संस्थाहरू सहित) विभिन्न च्यानलहरू मार्फत विभिन्न जातिका

समूहहरूमा वितरणको लागि अङ्ग्रेजीमा प्रशिक्षण पाठ्यक्रमहरूको प्रवर्द्धनात्मक पुस्तिका र विभिन्न जातिका भाषाहरूका साथै अङ्ग्रेजीमा समर्पित प्रवर्द्धनात्मक पुस्तिका प्रकाशन गर्छ । पाठ्यक्रमको सूचीपत्र अङ्ग्रेजीमा तयार गरिन्छ र विज्ञापनहरू अङ्ग्रेजी, उर्दू र नेपाली भाषामा पत्रपत्रिकाहरूमा राखिन्छ ।

- त्यसका प्रचारात्मक प्रयासहरूलाई अझ वृद्धि गर्न, ERB विभिन्न जातिका मानिसहरू र केन्द्रहरूमा समर्पित प्रशिक्षण पाठ्यक्रमहरूको सञ्चालनमा भएको ERB को सेवा जानकारीको प्रसारमा गैर-सरकारी संस्थाहरूद्वारा सञ्चालन गरिएका र HAD द्वारा वित्त व्यवस्था गरिएका अल्पसंख्यक जातीहरूको लागि समर्थन सेवा केन्द्रहरूसँग नजिकको सम्पर्कमा रहेको छ । ERB ले अल्पसङ्ख्यक जातिहरूको लागि HAD द्वारा प्रकाशित गरिएका "हङकङमा तपाईंको सेवाहरूको लागि मार्गदर्शक" मा वयान गरिएको ERB पाठ्यक्रम र सेवाहरूको जानकारीलाई नियमित रूपमा अद्यावधिक गर्दछ ।

- ERB सेवा केन्द्र Tin Shui Wai, मा फरक जातीयता भएका मानिसहरूलाई लक्षित सहायता सेवाहरू प्रदान गरिन्छन् जसमा
  जागिर खोजी गर्ने सीप, अन्तर्वार्ता सीप, व्यावसायिक अङ्ग्रेजी एवं क्यान्टोनिज आदि सम्बन्धित समर्पित कार्यशाला एवं सामूहिक क्रियाकलापहरू पर्दछन्। विभिन्न जिल्लाहरूमा ERB कोर्सहरूको लागि सोधपूछ एवं भर्ना सेवा प्रदान गर्नको लागि समाज कल्याण संघसंस्थाहरूको सहकार्यमा ERB ले 30 भन्दा बढी “ERB सेवा स्थलहरू” स्थापना गर्दछ, औद्योगिक सेमिनार एवं टेस्टर कोर्सको आयोजना गर्दछ र फरक जातियता भएका मानिसहरू लगायतका सर्वसाधारणहरूको लागि प्रशिक्षण परामर्श सेवामा दर्ता गर्न सहयोग गर्दछ ।

- ERB को प्रशिक्षण परामर्श सेवाले फरक जातीयता भएका मानिसहरू लाई उनीहरूको तालिम आवश्यकतको मूल्याङ्कनद्वारा ERB कोर्समा भर्ना हुन र प्रत्यक्ष अन्तर्वार्ता वा भिडियो कन्फरेन्सिङ मार्फत् उपयुक्त प्रशिक्षण एवं सहायताका बारेमा सल्लाह सुझाव प्रदान गर्दछ। ERB का कोर्स एवं सेवाहरू प्रबर्द्धन गर्न विभिन्न सेमिनार एवं कार्यशालाहरूको सञ्चालन गर्नको लागि प्रशिक्षण परामर्शहरूले जिल्लाका संघसंस्थाहरू,

धार्मिक स्थलहरू र फरक जातीयता भएका मानिसहरूका समाज सेवा संघसंस्थाहरूसँग पनि आफैं अग्रसर भएर सम्बन्ध स्थापित गर्दछन् ।

- ERB ले प्रशिक्षण अङ्गहरूलाई जिल्लामा आधारित प्रबर्द्धनात्मक गतिविधिहरू तथा फरक जातीयता भएका मानिसहरूको आवश्यकता पूरा गर्ने समर्पित क्रियाकलापहरू लगायत जागिरका अवसर र करियरका सम्भावनाहरू जस्ता ERB कोर्सहरू प्रबर्द्धन गर्ने कोर्स अनुभव गतिविधिहरू आयोजना गर्न जिल्लासँग सहकार्य गर्न आर्थिक सहयोग प्रदान गर्दछ। त्यस बाहेक "प्रशिक्षण सहायता सेवा सब्सिडीहरू" ले प्रशिक्षण अङ्गहरूलाई पूरक प्रशिक्षण सामग्रीहरूको विकास गर्न र फरक जातीयता भएका मानिसहरूलाई सिकाइ सहयोग सेवा प्रदान गर्न प्रोत्साहन गर्दछन्।

- विभिन्न जातिका मानिसहरूलाई आजीवन सिकाइमा संलग्न गर्न र स्थानान्तर गर्न योग्य कार्य सीपहरूमा वृद्धि गर्न विद्यालयमा उपस्थित नहुने विभिन्न जातिका मानिसहरूले विशिष्ट ERB भाषाका पाठ्यक्रमहरू अध्ययन गर्न HAD बाट अनुदान प्राप्त गर्न सक्छन् ।

- ERB ले ERB Siu Sai Wan केन्द्रस्थान, ERB सेवा केन्द्र, ERB सेवा क्षेत्र, श्रम विभागको रोजगार केन्द्र, सामाजिक कल्याण विभाग (Social Welfare Department,SWD) को सामाजिक सुरक्षा फाँट इकाई र SWD द्वारा मान्यताप्राप्त गैर-सरकारी संस्थाहरू सहितका 100 भन्दा बढी स्थानहरूमा" ERB प्रशिक्षण नेट पाठ्यक्रम खोज त्रैमासिक" सेटअप गरेको छ।विभिन्न जातीका मानिसहरूले त्रैमासिकहरू मार्फत ERB पाठ्यक्रम, प्रशिक्षण केन्द्र, सेवा र क्रियाकलापहरू साथसाथै प्रशिक्षण परामर्श सेवाको लागि दर्ता सम्बन्धी जानकारी प्राप्त गर्न सक्छन् ।

- उनीहरूको भविष्यको अध्ययन र करियर योजनामा सहजीकरण गर्न ERB ले फरक जातीयता भएका उच्च माध्यमिक तहका विद्यार्थीहरूको लागि "स्कुलको लागि करियरसम्बन्धी छलफल", "जागिर खोज्ने र अन्तर्वार्ता सीप कार्यशाला" र "कम्पनी भ्रमण" आयोजना गर्दछ।

विद्यार्थीहरूसँग करियर सम्भावना, कार्य वातावरण र प्रवेश आवश्यकताहरू जस्ता विषयमा विचार साझा गर्न रोजगारदाता प्रतिनिधिहरू बोलाइन्छन्। ERB प्रतिनिधिहरूले विद्यार्थीहरूलाई फरक जातीयता भएका युवाहरूको लागि उपयुक्त हुने ERB कोर्स एवं सेवाहरू पनि चिनाउँछन्।

<u>कर्मचारी प्रशिक्षण</u>

- फरक जातियता भएका मानिसहरूको संस्कृतिको बुझाई प्रबर्द्धन गर्न र उनीहरूको सेवा सञ्चालन गर्ने कर्मचारीहरूमा संवेदनशिलताको विकास गर्न ERB ले ERB कर्मचारी तथा प्रशिक्षण अङ्गहरूको लागि सांस्कृतिक विविधता बिषयमा "समान अवसर आयोग" र "Unison" जस्ता विभिन्न संघसंस्थाहरूसँग सहकार्य गरेर कार्यशालाहरूको आयोजना गर्दछ।

**भावी कार्यको मूल्याङ्कन**

- ERB ले समय-समयमा फरक जातीयता भएका मानिसहरूको लागि प्रशिक्षण कोर्सहरूको पुनरावलोकन गर्दछ र उनीहरूका प्रशिक्षण आवश्यकताहरूको सम्बोधन गर्न समर्पित कोर्स तथा सेवाहरूको विकास गर्न लागि पर्दछ। यस प्रक्रियामा ERB ले अल्पसंख्यक जातिहरूको लागि प्रशिक्षण, प्रशिक्षार्थीहरू, प्रशिक्षण अङ्ग एवं प्राविधिक सल्लाहकारहरूसम्बन्धी फोकस समुह लगायतका विभिन्न सरोकारवालाहरूका विचारहरू संकलन गर्दछ। फरक जातीयता भएका मानिसहरूको भाषा सेवामा उनीहरूको आवश्यकतालाई अझ राम्ररी बुझ्न अनुवाद र दोभासे सेवाको प्रयोगसम्बन्धी तथ्यांकीय आँकडाहरू पनि संकलन गरिन्छन्।

**प्रयोग गरिएका / प्रयोग गरिनुपर्ने अतिरिक्त उपायहरू**

- सर्वसाधारणहरूका अन्य प्रशिक्षण कोर्सहरूमा सहभागि हुन क्यान्टोनिज बोल्न र बुझ्न सक्ने फरक जातीयता भएका मानिसहरूलाई सहजीकरण गर्न ERB ले अझै बढी छनौट गरिएका कोर्सहरूका लागि अङ्ग्रेजी प्रशिक्षण सामग्रीहरू तयार गर्न जारी राख्नेछ। यसले व्यापार र स्वास्थ्य सेवासम्बन्धी नयाँ उद्योग-विशेष प्रशिक्षण कोर्सहरूको विकास पनि सम्भाव्यताअध्ययन गर्दैछ।

**सोधपूछहरू**

- सोधपूछको लागि कृपया ERB प्रशिक्षण सल्लाहकारलाई सम्पर्क गर्नुहोस् (टेलिफोन: 6760 3801 / 6760 3608, इमेल:

erbhk@erb.org, फ्याक्स: 2369 8322)।

**कर्मचारी पुनर्प्रशिक्षण बोर्ड**

**जुन, 2021**